# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१०　　　　संख्याः २　　　　मिति : २०८३/१/२२


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८३।१।२२ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८३ सालको नियम नं.२

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०१।२२

**प्रस्तावना** : नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(ज)ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग पुर्याउने उद्देश्यले विद्यार्थी सङ्ख्या, कक्षागत र विषयगत आधारमा शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरूवा गाउँपालिकाले यो शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८३ बनाइ लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(ख) यो कार्यविधि गेरुवा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले गेरूवा गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गेरूवा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "शिक्षा समिति" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(च) "शिक्षा प्रमुख" भन्नाले गेरुवा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा शिक्षा प्रमुखको जिम्मेवारी तोकिएको सो शाखामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले गेरुवा गाउँपालिकाभित्र सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ज) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(झ) "गाउँपालिका अनुदान शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा गाउँपालिकाको स्थानीय दरबन्दीमा आन्तरिक स्रोतबाट तलबभत्ता भुक्तानी हुने गरी करार सेवामा नियुक्त भई कार्यरत रहेका शिक्षकलाई सम्झनु पर्छ । साथै सो शब्दले गाउँपालिका अनुदानमा नियुक्त हुने शिक्षक समेतलाई जनाउँछ ।

(ञ) "बालविकास शिक्षक" भन्नाले गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षक वा सहयोगी कार्यकर्ताको रूपमा नियुक्त शिक्षकलाईसम्झनु पर्छ । साथै सो शब्दले गाउँपालिका अनुदानमा नियुक्त हुने बालविकास शिक्षक समेतलाई जनाउँछ ।

(ट) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयको स्वीकृत शिक्षक दरबन्दी सम्झनु पर्छ र सो शब्दले स्थायी, अस्थायी/करार, राहत अनुदान कोटा, गाउँपालिका अनुदान कोटा र प्राविधिक धारतर्फका प्रशिक्षक समेतलाई जनाउँछ ।

(ठ) "पुल दरबन्दी" भन्नाले यस कार्यविधिमा तोकिएको शिक्षक विद्यार्थी अनुपात र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत आधारमा बढी हुने दरबन्दी र यस कार्यविधिले तोकेको मापदण्डभन्दा बढि भएको शिक्षक दरबन्दीलाई पुल दरबन्दीको रूपमा सम्झनु पर्छ ।

(ड) "खुद पुल दरबन्दी" भन्नाले शिक्षक दरबन्दी अपुग भएको अवस्थामा कायम भएको पुल दरबन्दीलाई कुनै विद्यालयमा मिलान वा स्थानान्तरण (transfer) गरेपश्चात वा माथिल्लो तहमा गणना गरेपश्चात समेत बाँकि रहने दरबन्दी अर्थात सो पुल दरबन्दी समेत कट्टा गरी बचत हुन आउने दरबन्दीलाई सम्झनु पर्छ ।

(ढ) "तह वा कक्षा मिलान" भन्नाले कुनै विद्यालयको कक्षा वा तह घटाउने, बढाउने, कक्षा बन्द गर्ने, विद्यालयका एकआपसमा कक्षा गाभ्ने, एउटा विद्यालयको कक्षा सोहि विद्यालयको वा नजिकको अर्को विद्यालयको एउटै कक्षा वा फरक कक्षामा गाभ्ने/ समायोजन गर्ने, फरक फरक विद्यालयको तह वा कक्षामा मिलान गर्ने समेतको कार्यलाई सम्झनु पर्छ ।

(ण) "समिति" भन्नाले यस कार्यविधि बमोजिम दफा १३ को सहजीकरण समिति सम्झनु पर्छ ।

(त) "दरबन्दी मिलान" भन्नाले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई यस कार्यविधि बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत आधार, शैक्षिक योग्यता र सम्बन्धित विद्यालयको सेवा अनुभवसमेतका आधारमा सरूवा एवम् पदस्थापन, स्थानान्तरण गर्ने र मिलान गरी दरबन्दी थपघट वा साटफेर गर्ने कार्य सम्झनु पर्छ ।

## परिच्छेद -२

## शिक्षक दरबन्दी मिलानका आधार

**३. शिक्षक दरबन्दी निर्धारण** : (१) गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा आधारभूत तहको प्रारम्भिक बाल शिक्षादेखि कक्षा पाँचसम्म भएको विद्यालयमा सञ्चालित कक्षा र विद्यार्थी सङ्ख्याको आधारमा, आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह(कक्षा ९-१२) मा कक्षागत र विषयगतका आधारमा शिक्षक दरबन्दी निर्धारण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको दरबन्दी निर्धारण गर्दा दफा (४) का आधारमा गर्नुपर्नेछ ।

**४. शिक्षक दरबन्दी मिलानका आधार** : (१) गाउँपालिकाले दरबन्दी मिलान कार्य गर्दा विशेषगरी देहायका आधारमा गर्नेछ ।

(क) चालु शैक्षिक सत्रको अद्यावधिक तहगत र कक्षागत विद्यार्थी सङ्ख्या ।

(ख) विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी/करार, राहत, अनुदान,गाउँपालिका अनुदान,बालविकास अनुदान कोटाको सङ्ख्यात्मक विवरण।

(ग) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१२) को हकमा सङ्ख्यात्मक एवम् विषयगत शिक्षक दरबन्दी विवरण ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा बढि हुन आएको दरबन्दी पुलमा राखी विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताको आधारमा गाउँपालिकाले विद्यालयमा पुल दरबन्दी कायम गर्नेछ ।

(३) पहिलो पटक दरबन्दी मिलान गर्दा यो कार्यविधि जारी भएको अघिल्लो शैक्षिक सत्रको विद्यार्थी सङ्ख्या र विद्यालयमा रहेको शिक्षक दरबन्दी सङ्ख्यालाइ आधार लिइनेछ ।

(४) दरबन्दीलाई समानुपातिक तरिकाले वितरण गर्दा अपुग भएमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा क्रमशः पूर्ति गरिनेछ ।

(५) शिक्षक दरबन्दी मिलान गर्दा सामान्यतया चालु शैक्षिक सत्रको IEMIS मा प्रविष्ट विद्यार्थी सङ्ख्या विवरण अनुसार कार्यालयले यकिन गरेको विवरण बमोजिम कक्षागत विद्यार्थी सङ्ख्यालाई आधार लिइनेछ।

(६) विद्यालयमा नेपाल सरकारको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी/करार, राहत, बालविकास शिक्षक, साविक उच्च माध्यमिक अनुदानमा कार्यरत शिक्षक र गाउँपालिका अनुदान शिक्षकसमेतको सङ्ख्यात्मक विवरण तयार गरिनेछ ।दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा सामुदायिक विद्यालयमा रहेका सम्पूर्ण शिक्षक दरबन्दी र अनुदान कोटासमेत गणना गरिनेछ।

(७) काजमा रहेका शिक्षकको हकमा काज खटिएको विद्यालयबाट तलबभत्ता पाउँदछन् भने सोही विद्यालयको शिक्षक दरबन्दीमा गणना गरिनेछ भने कार्यरत शिक्षकको हकमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गरिनेछ ।

**५. विद्यालयमा रहने न्यूनतम शिक्षक दरबन्दी :** (१) गाउँपालिकाले दरबन्दी मिलान प्रयोजनको लागि सामान्यतया गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या र विषयगत आधारमा देहायबमोजिम न्यूनतम दरबन्दी कायम गर्नेछ ।

| क्रस | विद्यालयको तह | शिक्षक विद्यार्थी अनुपात | कायम हुने न्यूनतम दरबन्दी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास | १:१५ | १ | १५ जना भन्दा बढी विद्यार्थी सङ्ख्या भएमा थप १ दरबन्दी |

| | | | | |
|---|---|---|---|---|
| २ | आधारभूत तह (कक्षा १-३) | १:१५ | ३ | प्रति कक्षा १ जना शिक्षकको दरले जम्मा ४० जना विद्यार्थी सङ्ख्या भएमा समेत ३ दरबन्दी कायम रहने |
| ३ | आधारभूत तह (कक्षा १-५) | १:१७ | ५ | प्रति कक्षा १ जना शिक्षकको दरले जम्मा ८० जना विद्यार्थी सङ्ख्या भएमा समेत ५ दरबन्दी कायम रहने |
| ४ | आधारभूत तह (कक्षा ६-८) | १:३० | ४ | अङ्ग्रेजी १, विज्ञान वा गणित १, नेपाली १, सामाजिक १ |
| ५ | माध्यमिक तह (कक्षा ९-१०) | १:२५ | ५ | अङ्ग्रेजी १, गणित १, विज्ञान १, नेपाली १, सामाजिक १ र ऐच्छिक विषय |
| ६ | माध्यमिक तह (कक्षा ९-१२) | १:२७ | ८ | अङ्ग्रेजी १, गणित १, विज्ञान १, नेपाली १, सामाजिक १ अन्य र ऐच्छिक विषय ३ |

पुनश्च : विद्यालयको आवश्यकता बमोजिम विद्यालयमा आधारभूत तह (कक्षा ६-८) मा विज्ञान वा गणित १ विषय वा विज्ञान/गणितको १ मात्र विषयको शिक्षक दरबन्दी रहनेछ ।

(२) कक्षा १-५ सम्म सञ्चालन भएका आधारभूत विद्यालयको हकमा उपदफा (१) मा उल्लेख भए अनुसारको शिक्षक विद्यार्थी अनुपात बमोजिम न्यूनतम शिक्षक दरबन्दी कायम गरिनेछ ।

(३) कक्षा ६-८ सञ्चालन भएका आधारभूत विद्यालयको हकमा न्यूनतम ४ जना शिक्षक व्यवस्थापन गरिनेछ। शिक्षक नियुक्ति, सरुवा, विषयगत शिक्षक व्यवस्थापन र दरबन्दी मिलान गर्दा प्रचलित शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा उल्लेख भएबमोजिम प्राथमिकता क्रमअनुसार विद्यालयमा अङ्ग्रेजी विषय -१, विज्ञान, गणित वा विज्ञान/गणित मध्यै कुनै एक विषय -१, नेपाली विषय -१, सामाजिक विषय-१ दरबन्दी रहनेछ।

(४) कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयको हकमा न्यूनतम ५ जना शिक्षक व्यवस्थापन गरिनेछ। शिक्षक नियुक्ति, सरुवा, विषयगत शिक्षक व्यवस्थापन र दरबन्दी मिलान गर्दा प्रचलित शिक्षा नियमावली २०५९को अनुसूची १२ मा उल्लेख भएबमोजिम प्राथमिकता क्रमअनुसार विद्यालयमा अङ्ग्रेजी विषय -१, गणित -१, विज्ञान विषय -१, नेपाली विषय -१, सामाजिक विषय -१,दरबन्दी रहनेछ।

(५) कक्षा ११-१२ सञ्चालन भएका माध्यमिक विद्यालयको हकमा विद्यालयको आवश्यकता बमोजिम न्यूनतम ३ जना शिक्षक व्यवस्थापन गरिनेछ।

(६) विद्यालयमा उपदफा (१) बमोजिमको न्यूनतम शिक्षक दरबन्दी भन्दा बढी दरबन्दी कायम गर्ने प्रयोजनका लागि प्रति कक्षा थप ५० जना विद्यार्थी अध्ययनरत हुनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम एउटै कक्षामा विद्यार्थी सङ्ख्या बढी भई वर्ग/सेक्सन सञ्चालन गरिरहेको अवस्थामा प्रति कक्षा कम्तिमा ५० जना सम्म विद्यार्थी सङ्ख्या भएमा प्रति कक्षा १ जना शिक्षक दरबन्दी थप गरिनेछ तर विद्यालयमा वर्ग/सेक्सनअनुसारको थप छुट्टै शिक्षक आवश्यक नपर्ने अवस्थामा सो दरबन्दी थप गरिनेछैन।

(८) प्राविधिक धारको विद्यालयमा दरबन्दी कायम गर्दा सङ्घीय व्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद-३
## विद्यालय तह वा कक्षा मिलान र समायोजन

**६. विद्यालय तह वा कक्षा मिलान र समायोजन सम्बन्धी आधार :** (१) दुई वा सो भन्दा बढी विद्यालय एक आपसमा समायोजन र विद्यालयको तह वा कक्षा मिलान गर्दा देहायको आधारमा गरिनेछ ।

(क) दुई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दुरी आधा घण्टा (३० मिनेट) भन्दा कम रहेको।

(ख) दुई वा दुई भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको ।

(ग) भौगलिक दुरी दुई २ किलोमिटर वा दुई किलोमिटरभन्दा कम भएका विद्यालय एक आपसमा गाभिन चाहेमा ।

(घ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले एउटै विद्यालयको रुपमा सञ्चालन गर्न संयुक्त निवेदन दिएमा।

(ङ) विद्यालयमा लगातार तीन ३ शैक्षिक सत्रको विद्यार्थी सङ्ख्या देहायको भन्दा न्यून रहेको र भविष्यमा समेत उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नभएमा।

| क स | तह | कक्षा | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत | बालविकास | १० जना | |
| २ | आधारभूत | १-३ | ३५ जना | |
| ३ | आधारभूत | १-५ | ६५ जना | |
| ४ | आधारभूत | ६-८ | ७० जना | |
| ५ | आधारभूत | १-८ | १४० जना | |
| ६ | माध्यमिक | ९-१० | ४० जना | |
| ७ | माध्यमिक | ११-१२ | ४० जना | |
| ८ | माध्यमिक | १-१० | २२० जना | |
| ९ | माध्यमिक | १-१२ | २५० जना | |

(च) विद्यालयमा खण्ड (ङ) बमोजिम तहगत रुपमा विद्यार्थी सङ्ख्या नभएको र सम्बन्धित तहमा स्थायी, अस्थायी, राहत, अनुदान कुनैपनि शिक्षक दरबन्दी नरहेको वा विषयगत आधारमा न्यून दरबन्दी रहेको ।

(२) भौगलिक दुरी, विद्यार्थी सङ्ख्या र उपलब्ध पुर्वाधारलाई मध्यनजर गरी एउटै विद्यालयका कक्षाहरु फरक फरक स्थानमा सञ्चालन गर्ने गरी विद्यालय समायोजन र तह वा कक्षा मिलान गर्न सकिनेछ।

(३) कुनै विद्यालयमा प्रत्येक वर्ष निरन्तर रूपमा खण्ड (ङ)बमोजिमको विद्यार्थी सङ्ख्या घट्दै गएको अवस्थामा विद्यालयको सञ्चालित कक्षा वा तहलाइ निरन्तर घटाउदै क्रमश: विद्यालयलाइ एकीकरण वा समायोजन गरिनेछ।

**७. समुदायमा आधारित बालविकास केन्द्रको समायोजन:** (१) यो कार्यविधि प्रारम्भ भएपछि विद्यार्थी सङ्ख्या, भौगलिक विकटता, समुदायबाट विद्यालय र बालविकास केन्द्र सम्मको दुरीलाइ मध्यनजर गर्दे शिक्षा समितिको निर्णयबमोजिम समुदायमा आधारित बालविकास केन्द्र र सो केन्द्रमा रहेको बालविकास शिक्षक दरबन्दी सहित सामुदायिक विद्यालयमा समायोजन एवम् स्थानान्तरण गरिनेछ।

**८. विद्यालयको तह वा कक्षा मिलान सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले यस कार्यविधिबमोजिम दरबन्दी मिलान गर्दा कुनै कक्षामा विद्यार्थी सङ्ख्या न्यून भएतापनि विद्यालयको तल्लो वा माथिल्लो कक्षामा रहेका विद्यार्थी सङ्ख्या बढी भई विद्यालय समायोजन हुन नसक्ने भएमा त्यस्तो विद्यालयको तह वा कक्षा (downgrade) घटाइनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयको तह वा कक्षा घटाउदा बढी हुने दरबन्दी पुलमा राखी उक्त दरबन्दीमा कार्यरत शिक्षकलाई अन्य विद्यालयमा काजमा खटाइने वा सरुवा गरिनेछ।

(३) विशेषगरी तह वा कक्षा घटाइएको विद्यालयमा केहि वर्ष पछि निरन्तर विद्यार्थी सङ्ख्या बढ्दै गएर कक्षा थप गर्नुपर्ने आवश्यकता देखिएमा पुन: सोहिबमोजिम कक्षा सञ्चालनको अनुमति प्रदान गरिनेछ।

## परिच्छेद-४
## प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन

**९. प्रधानाध्यापक व्यवस्थापन** : (१) कुनै पनि सम्बन्धित तहको १ जना स्वीकृत दरबन्दीको स्थायी शिक्षक नभएको सामुदायिक विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिनेछ। तर यो दफा आधारभूत तहको शिक्षण सहयोग अनुदान शिक्षक रहेका विद्यालयको हकमा लागु हुने छैन ।

(२) तहअनुसार स्थायी शिक्षकलाई प्रधानाध्यापक बनाउन शिक्षक स्थानान्तरण गरिनेछ।सम्वन्धित तहको वरिष्ठतम् स्थायी शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी प्रदान गरिनेछ।आधारभूत तह सञ्चालन भएको विद्यालयमा स्नातक तह र माध्यमिक तह सञ्चालन भएको विद्यालयमा स्नातकोत्तर तह उत्तीर्ण भएको स्थायी शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापनका लागि स्थानान्तरण गरिनेछ।

(३) सामान्यतया माथिल्लो तहको योग्यता भएका शिक्षकलाई विद्यालयको आवश्यकता बमोजिम माथिल्लो तहकै विद्यालयमा प्रधानाध्यापकको रूपमा व्यवस्थापन गरिनेछ ।

तर यस कार्यविधि बमोजिम दरबन्दीसहित काजमा खटाएको शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापनमा कुनै बाधा पर्ने छैन।

(४) विद्यालयमा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा, पदावधि सकिएमा, प्रधानाध्यापक लामो समयसम्म अनुपस्थित भएमा, प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ। शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायबमोजिम हुनेछ ।

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठताको आधारमा,

(ख) खण्ड (क) को आधारमा जेष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा जेष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि जेष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा,

तर खुला, कार्यक्षमता मूल्याङकन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता मुल्याङकन, आन्तरिक प्रतियोगिता र खुलाको आधारमा क्रमश: प्राथमिकता दिइनेछ ।

(५) प्रधानाध्यापक सम्बन्धी अन्य व्यवस्था प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**१०. पुल दरबन्दी र पुल दरबन्दीमा कार्यरत शिक्षक व्यवस्थापन** :(१) गाउँपालिकाले विद्यालयमा रहने दरबन्दी एकीन गरेपश्चात खुद पुल दरबन्दीलाई एक विद्यालयबाट अर्को विद्यालयमा मिलान गर्नुपर्दछ। यसरी खुद पुलमा रहेको दरबन्दीलाई मिलान एवम् पुनर्वितरण गर्दा गाउँपालिकाले देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण, सरुवा एवम् पदस्थापन गर्नुपर्नेछ।

(क) खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको गाउँपालिका अनुदान कोटालाई स्थानान्तरण गर्ने ।

(ख) गाउँपालिका अनुदानलाई स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त राहत अनुदान कोटालाई स्थानान्तरण गर्ने ।

(ग) राहत अनुदान स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त अस्थायी/करार दरबन्दीलाई स्थानान्तरण गर्ने

(घ) खुद पुल दरबन्दी रहेको विद्यालय वा खुद पुल दरबन्दी वितरण गरिने विद्यालयमा स्वैच्छिक रुपमा सरुवा हुने शिक्षकले निवेदन पेश गरेको खण्डमा निवेदनको छानबिन गरी तहगत र विषयगत शिक्षक व्यवस्थापन हुनेगरी शैक्षिक योग्यता र कार्यक्षमतालाई मध्यनजर गरी प्रचलित कानुन बमोजिम विद्यालयको आवश्यकता

बमोजिम शिक्षकलाई सरुवा/स्थानान्तरण गर्ने। तर यसरी स्थानान्तरण गर्दा महिला र अपाङ्गता भएका शिक्षकलाई यथाशक्य घरपायक पर्नेगरी स्थानान्तरण गर्ने।

(ङ) खण्ड (घ) बमोजिम निवेदन दिने शिक्षकको सङ्ख्या धेरै हुन आएमा महिला र अपाङ्गता भएका शिक्षकलाई प्राथमिकता दिइ बाँकी दरबन्दीको हकमा निवेदक शिक्षकको नियुक्ति मितिको ज्येष्ठताको आधारमा स्थानान्तरण गर्ने।

(च) गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधारले कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(छ) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधारले कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(ज) अस्थायी/करार दरबन्दीमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधारले कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने

(झ) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम शिक्षक स्थानान्तरण गर्दा खुद पुल दरबन्दी वितरण गर्न बाँकी रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने ।

(ञ) शिक्षकको स्थानान्तरण गर्दा तहगत र विषयगत आधारमा सम्भव भएसम्म पति, पत्नी लाइ एकै वडाभित्र पायक पर्ने विद्यालयमा मिलान गर्न सकिने।

(२) शिक्षक दरबन्दी मिलान एवम् पुनर्वितरण गर्ने क्रममा खुद पुल दरबन्दीको हकमा विद्यालयको दरबन्दी कटौती गर्दा सकेसम्म सर्वप्रथम रिक्त रहेको दरबन्दीलाई स्थानान्तरण गरिनेछ र त्यसपश्चात शिक्षकको नियुक्ति मितिको कनिष्ठताको आधारमा क्रमशः गाउँपालिका अनुदान, नेपाल सरकारको अनुदान कोटा, राहत, अस्थायी/करार दरबन्दी र स्थायी शिक्षकको स्थानान्तरण सम्बन्धी कार्य गरिनेछ। तर अपाङ्गता भएका शिक्षकको हकमा कनिष्ठताको आधारमा अन्यत्र विद्यालयमा सरुवा गरिने छैन।

(३) शिक्षक विद्यार्थी अनुपातमा विद्यालयमा शिक्षक दरबन्दी बढी हुन आएको खण्डमा उक्त दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दी कायम गरी शिक्षा समितिको निर्णय बमोजिम आवश्यक परेको विद्यालयमा कामकाजमा खटाइनेछ ।

## परिच्छेद -५
## दरबन्दी मिलान प्रकिया

**११. शिक्षक दरबन्दी मिलान प्रकिया :** (१) शिक्षक दरबन्दी मिलानमा देहायको प्रकिया अवलम्वन गरिनेछ।

(क) शिक्षक दरबन्दी मिलान गर्नु पूर्व यस कार्यविधिको दफा (५) बमोजिम विद्यालयमा विद्यार्थी सङ्ख्या र विषयगत आधारमा कायम हुने दरबन्दी सङ्ख्या एकीन गरिनेछ र विद्यालयको तह वा कक्षा मिलान एवम् विद्यालय समायोजन कार्य गरिनेछ।

(ख) विद्यालयको तह वा कक्षा मिलान र समायोजन कार्य भईसकेपश्चात पुलमा रहने दरबन्दी र सो दरबन्दीमा कार्यरत शिक्षकको नामनामेसी, शैक्षिक योग्यता र नियुक्ति मितिसहितको विवरण तयार गरिनेछ ।

(ग) खण्ड (ख) बमोजिमको कार्यपश्चात विद्यालयमा कायम रहने सङ्ख्यात्मक एवम् विषयगत शिक्षक दरबन्दी निर्धारण गरिनेछ।

(घ) खण्ड (ग) बमोजिमको दरबन्दीमा सरुवा भई जानका लागि खण्ड (ख) बमोजिम पुल दरबन्दीको विवरणमा रहेका शिक्षकहरुबाट दरखास्त आह्वावान गरिनेछ।

(ङ) गाउँपालिकाले दरबन्दी मिलान प्रयोजनका लागि खण्ड (ख) बमोजिम पुल दरबन्दीको विवरणमा रहेका शिक्षक र अन्य स्वैच्छिक रुपमा सरूवा हुन चाहने सम्पूर्ण शिक्षकहरुको लागि समेत यस कार्यविधिको अनुसूची-१ मा तोकिएको ढाँचामा कम्तिमा १५ दिनको सूचना प्रकाशित गर्नेछ।

(च) खण्ड (ङ) बमोजिमको सूचना अनुसार सरूवा हुन इच्छुक शिक्षकहरूले अनुसूची -२ बमोजिमको निवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

(छ) कार्यालयले शिक्षा युवा तथा खेलकुद शाखामा प्राप्त निवेदन उपर छानबिन गरी शिक्षा समितिको निर्णय बमोजिम विद्यालयमा रिक्त रहेको दरबन्दीमा सरुवा एवम् पदस्थापन गर्नेछ र सरुवा माग गरेको विद्यालयमा रिक्त दरबन्दी नरहेको खण्डमा विषयगत शिक्षक व्यवस्थापन हुने गरी स्थानान्तरण एवम् मिलान गर्नेछ।

(ज) कार्यालयले खण्ड (च) बमोजिम एउटै विद्यालयका धेरै शिक्षकहरुले निवेदन पेश गरेको खण्डमा सो विद्यालयको कटौती हुने दरबन्दीमा असर नपर्ने गरी नियुक्ति मितिको ज्येष्ठताको आधारमा वरिष्ठ शिक्षकलाई प्राथमिकता दिई अर्को विद्यालयमा स्थानान्तरण एवम् काजमा खटाइनेछ।यसरी शिक्षक सरुवा गर्दा तहगत र विषयगत शिक्षक व्यवस्थापन हुनेगरी विद्यालयको आवश्यक्ता बमोजिम सम्बन्धित तहको कुनैपनि दरबन्दी नभएको विद्यालयमा निवेदक शिक्षकलाई दरबन्दीसहित अर्को विद्यालयमा स्थानान्तरण गरिनेछ।

(झ) गाउँपालिकाले खण्ड (च) बमोजिम एउटै विद्यालयमा सम्बन्धित तह र विषयको लागी निवेदन पेश गर्ने शिक्षक सङ्ख्या धेरै भएको खण्डमा शिक्षकको नियुक्ति मितिको जेष्ठता,सम्बन्धित तहमा गरेको सेवा अवधि,सेवा अनुभव, शैक्षिक योग्यता, माथिल्लो शैक्षिक योग्यता वा सो शैक्षिक योग्यताको प्रतिशत, अध्यापन गर्ने विषय, कार्यक्षमता/कार्यकुशलता र विद्यालयको आवश्यक्ता बमोजिम प्राथमिकीकरण गरी स्थानान्तरण गर्नेछ ।

तर यसरी खण्ड (झ) बमोजिम सरूवा गर्दा महिला शिक्षक र अपाङ्गता भएका शिक्षकलाई प्राथमिकता दिएर सरुवा गर्न कुनै बाधा पर्ने छैन।

(ज) खण्ड (ख) बमोजिम पुल दरबन्दीमा रहेको कुनै शिक्षकले दरखास्त नदिएको अवस्थामा खण्ड (ग) बमोजिम दरबन्दी निर्धारण भएको विद्यालयमा यस कार्यविधिको दफा (१०) को आधार एवम् मापदण्ड बमोजिम शिक्षा समितिले निर्णय गरी सरुवा एवम् पदस्थापन गरिनेछ।

(२) नेपाल सरकारको स्वीकृत प्राथमिक तहका कतिपय दरबन्दी विद्यालयमा बचत भई निम्न माध्यमिक तथा माध्यमिक तहको विद्यालयमा अपुग हुने अवस्थामा शिक्षक विद्यार्थी अनुपात र विषयगत आधारमा आवश्यक पर्ने दरबन्दी सङ्ख्या व्यवस्थापन नहुँदासम्म प्राथमिक तहमा बढी हुन आउने दरबन्दीबाट माथिल्लो तहको अपुग हुने दरबन्दीमा योग्यता पुगेको शिक्षकलाई व्यवस्थापन गरी दरबन्दी मिलान गरिनेछ।

(३) कतिपय विद्यालयमा शिक्षक विद्यार्थी अनुपातमा बचत हुन आउने प्रारम्भिक बालविकास अनुदान कोटालाई सम्बन्धित विद्यालयबाट कट्टा नगरी प्राथमिक तहको अपुग हुने दरबन्दीमा योग्यता पुगेको बालविकास शिक्षकलाई व्यवस्थापन गरी मिलान गरिनेछ।

(४) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी शिक्षा नियमावली २०५९ (संशोधनसहित) तथा यस कार्यविधि बमोजिम न्यूनतम दरबन्दी सुनिश्चित एवम् कायम गरिनेछ।

(५) विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी बढी भएको अवस्थामा कुनै कारणबस दरबन्दी रिक्त भएको खण्डमा सो रिक्त दरबन्दीलाई अन्यत्र विद्यालयमा मिलान गरिनेछ र सो रिक्त दरबन्दीको हकमा दरबन्दी मिलान कार्य सम्पन्न नभएसम्म विद्यालयमा रिक्त शिक्षक पदपुर्ति गरिनेछैन।

(६) आधारभूत र माध्यमिक विद्यालयको हकमा कक्षागत विद्यार्थी सङ्ख्या र विषयगत आधारमा विद्यालयको आवश्यकता बमोजिम अनिवार्य विषय र थप ऐच्छिक विषयको समेत गरी सेक्सन अनुसारको गाउँपालिकाले स्थानीय दरबन्दीमा थप शिक्षक व्यवस्थापन  गर्न सक्नेछ ।

(७) गाउँपालिकाभित्र कुनै सामुदायिक विद्यालयमा सम्बन्धित तहको कम्तिमा एक स्वीकृत दरबन्दी नभएको अवस्थामा कम्तिमा १ एक शिक्षक दरबन्दीको व्यवस्था गरिनेछ।

(८) माध्यमिक विद्यालयले आधारभूत तहमा नियुक्ति पाई योग्यता पुगेका शिक्षकहरूबाट माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षण गर्ने व्यवस्था मिलाउनुको साथै माध्यमिक तह (कक्षा ९-१०) मा नियुक्ति पाई योग्यता पुगेका शिक्षकहरुबाट विद्यालयको आवश्यक्ता र कार्यबोझ नबढ्ने गरी माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षण गर्ने व्यवस्था मिलाउनेछ ।

(९) आधारभूत र माध्यमिक विद्यालयमा कक्षागत र विषयगत रूपमा शिक्षक दरबन्दी वितरण र मिलान गर्नुपर्ने अवस्थामा प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम विषयगत रूपमा शिक्षक दरबन्दी हेरफेर वा परिवर्तन गर्न सकिनेछ।

**१२. शिक्षक काज, सरूवा एवम् पदस्थापनः** (१) यस कार्यविधि बमोजिम दरबन्दी मिलान कार्य गर्दा विद्यालयको तह वा कक्षा मिलान गरेपश्चात सामुदायिक विद्यालयका शिक्षकको काज, सरुवा एवम् पदस्थापन गर्दा देहायबमोजिमका प्राथमिकताका आधारमा गरिनेछ ।

(क) स्वैच्छिक रुपमा सरुवा हुन निवेदन पेश गरेका शिक्षक,

(ख) लगातार एउटै विद्यालयमा पाँच वर्ष वा सोभन्दा बढी समय कार्यरत रहेका शिक्षक,

(ग) गाउँपालिका अनुदान कोटा र बालविकास अनुदानमा कार्यरत शिक्षकहरूमध्ये वरिष्ठ शिक्षक,

(घ) राहत अनुदान कोटामा कार्यरत शिक्षकमध्ये वरिष्ठ शिक्षक,

(ङ) स्वीकृत दरबन्दीमा अस्थायी/करारमा कार्यरत शिक्षकमध्ये वरिष्ठ शिक्षक,

(च) राहत अनुदान कोटा, अस्थायी/करारमा कार्यरत शिक्षकबाट नपुग भएमा र अनुदान कोटा नरहेको विद्यालयमा वरिष्ठ स्थायी शिक्षक,

(छ) आधारभूत तह (६-८) र माध्यमिक तह (९-१२) का शिक्षक सरुवा गर्दा विषयगत रूपमा दरबन्दी कायम राखी बढी हुन आउने एउटै विषयको शिक्षक भएमा सो विषयका वरिष्ठ शिक्षक,

(ज) माध्यमिक तह (९-१२) सञ्चालित विद्यालयमा दरबन्दी थप भएमा स्नातकोत्तर उत्तीर्ण गरेका शिक्षकलाई प्राथमिकता दिने ।

(२) यो कार्यविधि जारी भएपछि शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न नहुँदासम्म पुल दरबन्दीमा कार्यरत शिक्षकलाई अन्यत्र विद्यालयमा कामकाजमा खटाउन सकिनेछ ।

(३) यो कार्यविधि जारी भएपछि प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुनु भन्दा सामान्यतया एक महिना अगावै एउटै विद्यालयमा लगातार निरन्तर पाँच वर्ष सेवा अवधि पुरा गरेका शिक्षकलाई सरुवा गरिनेछ।

(४) हाल सम्बन्धित तहभन्दा तल्लो तहबाट प्रधानाध्यापकको कामकाज गरेका तर तहगत शिक्षकको व्यवस्थापन गर्दा प्रधानाध्यापकबाट हट्न गई शिक्षकले सम्बन्धित तहमा स्थानान्तरण भई जान चाहेमा कार्यरत शिक्षकको ज्येष्ठता, कार्यक्षमता र विषयगत आधारमा विद्यालयको आवश्यक्ता बमोजिम प्राथमिकिकरण गरी स्थानान्तरण गरिनेछ ।

(५) गाउँपालिकाभित्रका विद्यालयमा पारस्परिक सरूवा हुन चाहने शिक्षकहरूका लागि सम्बन्धित दुवै विद्यालय व्यवस्थापन समितिको निर्णयको सिफारिससहित शिक्षकको निवेदन वा दुवै विद्यालयका शिक्षकको निवेदन मात्र कार्यालयमा पेश भएमा सोही बमोजिम तह र विषय मिल्ने दरबन्दीमा शिक्षा समितिको निर्णय बमोजिम सरूवा गरिनेछ।

(६) विद्यालयमा शिक्षकको आचरण, अनुशासन र कार्यसम्पादन सन्तोषजनक नभएको, शैक्षिक वातावरण धमिल्याएको, खलबल्याएको वा खलबल्याउन सक्ने ब्यहोराको लिखित गुनासो सम्बन्धित विद्यालयको प्रधानाध्यापक, व्यवस्थापन समिति वा अन्य शिक्षकबाट प्राप्त भएको खण्डमा समितिले छानबिन गरी त्यस्ता शिक्षकलाई अन्यत्र विद्यालयमा सरूवा एवम् पदस्थापन गर्नेछ।

(७) दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा कक्षागत र विषयगत आधार, सामाजिक न्याय, समानुपातिक वितरण र भौगलिक विकटतालाई ध्यान दिदै गुणस्तरीय शिक्षाको प्रवर्द्धनमा जोड दिइनेछ।

(८) दरबन्दी मिलान गर्दा विद्यालयमा विद्यार्थीको सिकाइ उपलब्धी न्यून भएको खण्डमा शिक्षकको अन्यत्र सरूवा गर्नुपर्ने अवस्थामा शिक्षकलाई अन्यत्र विद्यालयमा सरूवा गरिनेछ ।

(९) दरबन्दी मिलानको क्रममा स्थायी,अस्थायी/करार दरबन्दी, राहत, अनुदान कोटा, बालविकास अनुदान र गाउँपालिका अनुदान शिक्षकसमेतको दरबन्दी साटफेर गर्न सकिनेछ।

(१०) स्थायी नियुक्ति भएको १ वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन १ वर्ष वा सो भन्दा कम अवधी बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गरिनेछैन।

(११) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयमा तहगत रुपमा स्थायी, अस्थायी/करार, राहत अनुदान, बालविकास अनुदान, शिक्षण सहयोग अनुदान, साविक उच्च माध्यमिक अनुदान र गाउँपालिका अनुदान कोटा गणना गर्दासमेत शिक्षक अभाव भएमा गाउँपालिका अनुदानको स्थानीय दरबन्दीमा थप शिक्षक व्यवस्थापन गरिनेछ ।

(१२) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय शिक्षाको गुणस्तरलाई मध्येनजर गर्दै दरबन्दी मिलान सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार शिक्षा समितिलाई हुनेछ ।

## परिच्छेद -६

## दरबन्दी मिलान सहजीकरण समिति

**१३. दरबन्दी मिलान सहजीकरण समितिः** (१) प्रत्येक वर्ष गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी मिलान र पुनर्वितरण कार्यमा सहजीकरण गर्न र शिक्षा समितिमा दरबन्दी मिलान सम्बन्धी विवरण पेश गर्नका लागि देहाय बमोजिमको एक गाउँपालिकास्तरीय सहजीकरण समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) शिक्षा क्षेत्र, शिक्षण पेशा वा शिक्षा प्रशासनमा अनुभव भएका व्यक्ति वा सेवा निवृत्त शिक्षकहरुमध्येबाट समितिले मनोनित गरेका १ जना महिला सहित २ जना सदस्य - सदस्य

(घ) शिक्षा समितिका सदस्यहरू मध्येबाट समितिको संयोजकले तोकेको १ जना सदस्य - सदस्य

(ङ) गाउँपालिका शिक्षक महासंघको प्रमुख वा प्रतिनिधि १ जना सदस्य - सदस्य

(च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमका मनोनित सदस्यको पदावधि २ दुई वर्षको हुनेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार अन्य शिक्षा सरोकारवाला एवम् विज्ञ व्यक्तिलाइ आमन्त्रण गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(६) समितिका सदस्य तथा आमन्त्रित सदस्यले गाउँपालिकाले तोकेबमोजिमको बैठकभत्ता र अन्य सुविधा पाउनेछन।

**१४. दरबन्दी मिलान सहजीकरण समितिको काम, कर्तव्य र अधिकार** : (१) दरबन्दी मिलान सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क. शिक्षक दरबन्दी मिलान तथा वितरणको आधारभूत खाका/ढाँचा तयार गर्ने, गराउने।

ख. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत, कक्षागत, तहगत विद्यार्थी सङ्ख्या र गाउँपालिकामा कार्यरत सम्पूर्ण शिक्षक दरबन्दी एवम् शिक्षक सङ्ख्या विवरण यकिन गर्ने, गराउने।

ग. गाउँपालिकामा कार्यरत सम्पूर्ण शिक्षकहरुको वैयक्तिक,शैक्षिक तथा अन्य विवरण सङ्कलन गरी रुजु एवम् अद्यावधिक गर्ने।

घ. दरबन्दी मिलान पश्चात कायम हुने शिक्षक सङ्ख्या र आवश्यक पर्ने थप दरबन्दी निर्धारण गर्ने, गराउने।

ङ. शिक्षकले कार्यालयमा पेश गरेका  निवेदन वा विद्यालय छनोट फारमहरू अध्ययन र विश्लेषण गर्ने।

च. विद्यालयमा तहगत, विषयगत रूपमा शिक्षक दरबन्दी मिलान गर्दा सरूवा, कामकाज र पदस्थापन गरिने शिक्षकहरूको विवरण तयार गरेर शिक्षा समितिमा पेश गर्ने।

छ. शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण सम्बन्धमा सरोकारवालाहरुसँग सुझाव सङ्कलन गर्ने ।

ज. यस कार्यविधि बमोजिम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यमा समितिको राय, सुझाव सहितको प्रतिवेदन शिक्षा समितिमा पेश गर्ने ।

झ. विद्यालयमा शिक्षक दरबन्दी थपघट, हेरफेर वा मिलान गर्नुपर्ने भएमा सोको औचित्य/कारण पुष्ट्याई सहित शिक्षा समितिलाई आवश्यक राय, सुझाव प्रदान गर्ने ।

ञ. गाउँपालिकाले दिएका निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने गराउने।

## परिच्छेद – ७

## विद्यालय समायोजन पश्चात गरिने व्यवस्थापन

**१५. विद्यालय समायोजन पश्चातको जनशक्ति व्यवस्थापन:** (१) विद्यालय समायोजन गरेपश्चात समायोजन हुनुपूर्व विद्यालयमा कार्यरत रहेका शिक्षकलाई जुन विद्यालयमा समायोजन गरिएको हो सोही विद्यालयमा कामकाजमा खटाइनेछ अर्थात समायोजन गरिएको विद्यालयमा व्यवस्थापन गरिनेछ।

(२) उपदफा (१) बमोजिम समायोजन गरिएको विद्यालयमा थप जनशक्ति आवश्यक नपरेको/नभएको खण्डमा मात्रै गाउँपालिका अन्तर्गतको अन्य सामुदायिक विद्यालयमा खटाइनेछ।

(३) समायोजन हुनुपूर्व विद्यालयमा कार्यरत रहेका विद्यालय कर्मचारी र विद्यालय सहयोगीलाई विद्यालय समायोजन भएपश्चात तह/कक्षा मिलान वा समायोजन भएको विद्यालयमा व्यवस्थापन गरिनेछ।

(४) उपदफा (३) बमोजिम विद्यालय कर्मचारी र विद्यालय सहयोगी लाइ व्यवस्थापन गर्दा एउटै विद्यालयमा क्रमश दुई/दुई जना विद्यालय कर्मचारी र विद्यालय सहयोगी रहने अवस्था भएमा विद्यालय समायोजन पश्चात पहिलो पटक सो पद रिक्त हुने जुनसुकै विद्यालयमा पदस्थापन गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम समायोजन गर्दा एउटै विद्यालयमा एक जनाभन्दा बढी विद्यालय कर्मचारी भएमा नियुक्ति मितिको ज्येष्ठताको आधारमा प्राथमिकता दिइ व्यवस्थापन गरिनेछ।

**१६. विद्यालय समायोजन पश्चात जनशक्तिको पारिश्रमिक व्यवस्थापन :** (१) विद्यालय समायोजन वा तह मिलान पश्चात समायोजन भएका शिक्षक र कर्मचारीको पारिश्रमिक जुन विद्यालयमा निजलाई समायोजन गरिएको हो उक्त समायोजन गरिएको विद्यालयमा नै निकासा गरिनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय समायोजन वा तह मिलान पश्चात दरबन्दी सङ्ख्या घट्न गइ संघीय सशर्त अनुदानको रकम प्राप्त नभएमा गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट पारिश्रमिक व्यवस्थापन गर्नेछ।

**१७.विद्यालय समायोजन पश्चात विद्यालयको भौतिक स्रोत साधन, चल अचल सम्पत्तिको व्यवस्थापन :**(१) विद्यालय समायोजन वा तह मिलान पश्चात उक्त विद्यालयको जग्गा, भवन, भौतिक स्रोत साधन लगायत चल अचल सम्पत्ति शिक्षा समितिको सिफारिस बमोजिम समायोजन भएको विद्यालयलाई हस्तान्तरण गरिनेछ।

(२) विद्यालय समायोजन भएपछि उक्त विद्यालयमा रहेका फनिर्चर, कार्पेट, पाठ्यपुस्तक तथा पाठ्यसामग्री र शैक्षिक सामाग्रीहरुलाई समायोजन भएको विद्यालयको नाममा आम्दानी बाधी जिन्सी, दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम समायोजन भएको विद्यालयमा रहेका काम नलाग्ने, पुराना शैक्षिक सामाग्री, जीर्ण फनिर्चर, कार्पेट लगायतका मालसमानहरुको विद्यालय व्यवस्थापन समितिले निर्णय गरी नियमानुसार लिलामी प्रक्रियाबाट प्राप्त हुन आएको रकम विद्यालयको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

## परिच्छेद – ८
## विविध

**१८. स्थानान्तरण भएको शिक्षक विद्यालयमा जानुपर्ने** : यस कार्यविधि बमोजिम सरुवा एवम् स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा रमाना लिइ अनिवार्य रुपमा हाजिर हुन जानुपर्नेछ । यसरी काबु बाहिरको परिस्थिति बाहेक सरुवा भएको मितिले बढीमा ७ दिनभित्र हाजिर हुन नजाने शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

**१९. विद्यालयमा अनिवार्य रुपमा हाजिर गराउनु पर्ने** : यस कार्यविधि बमोजिम दरबन्दी मिलानको क्रममा सरूवा भई आएका वा स्थानान्तरण भई कामकाजमा खटाइएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्ने हुन्छ ।

**२०. प्रधानाध्यापक जिम्मेवार हुने** : (१) यस कार्यविधि बमोजिम दरबन्दी मिलान तथा पुनर्वितरण कार्यबाट स्थानान्तरण भई आएका शिक्षकहरुलाई विद्यालयमा हाजिर गराउने र स्थानान्तरण भई जाने शिक्षकहरुलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

(२) विद्यालयको प्रधानाध्यापक विद्यालयको कामको सिलसिलामा अन्यत्र काजमा रहेको वा प्रधानाध्यापक विदामा बसेको कारण प्रधानाध्यापक नभएको अवस्थामा वरिष्ठ शिक्षकले तत्काल हाजिर गराइ कामकाजमा लगाउनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम विद्यालयमा कुनैपनी स्थायी, अस्थायी वा राहत दरबन्दीको शिक्षक नभएको कारण प्रधानाध्यापक नभएको खण्डमा सरूवा वा स्थानान्तरण भई गएको शिक्षक आफैले विद्यालयमा हाजिर भई कामकाज गर्नुपर्नेछ।

**२१. समन्वय र सहजीकरण गर्ने** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

**२२. यसै कार्यविधि बमोजिम भएको मानिने:** यो कार्यविधि जारी हुनुपूर्व गाउँपालिकाले दरबन्दी मिलानको क्रममा कुनै शिक्षकलाई गाउँपालिकाभित्रको एक विद्यालयबाट अर्को विद्यालयमा कामकाज गर्न खटाएको वा सरुवा गरेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ र निज शिक्षकलाई सरुवा गरिएको विद्यालयमा नै पदस्थापन गरिनेछ।

**२३.बाझिएको हकमा अमान्य हुने** :यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

**२४. संशोधन:** यो कार्यविधि कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।साथै यो कार्यविधिमा कुनै समस्या आइपरेमा अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकालाई मात्र हुनेछ ।

**२५. बाधा अड्चन फुकाउ** : यस कार्यविधिमा भएका प्रावधानहरूको बारेमा स्पष्ट गर्नुपर्ने वा बाधा अड्चन फुकाउनु परेमा गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

**अनुसुची १**

शिक्षक सरुवा सम्बन्धी सूचना ।

सूचना प्रकाशन गरिएको मिति ..........................

प्रस्तुत विषयमा यस गाउँपालिकाको **शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३** बमोजिम सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलान गर्ने प्रयोजनका लागि स्वैच्छिक रुपमा सरुवा हुन चाहने शिक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र देहायबमोजिमका कागजातहरु संलग्न गरी **अनुसूची २ बमोजिम**को ढाँचामा कार्यालय समयभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नहुन अनुरोध छ । साथै तोकिएको म्यादभित्र सरुवाको लागि निवेदन पेश नगर्ने शिक्षकको हकमा प्रचलित कानुन तथा गाउँपालिकाको दरबन्दी मिलान कार्यविधि बमोजिम प्रकिया अगाडि बढाइनेछ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. शिक्षकको निवेदन
२. स्थायी नियुक्ति पत्रको प्रतिलिपि
३. अस्थायी/करार नियुक्ति पत्रको प्रतिलिपि
४. बढुवा भएका स्थायी शिक्षकको हकमा बढुवा नियुक्ति पत्रको प्रतिलिपि
५. हाजिर भएको जानकारी पत्रको प्रतिलिपि
६. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
७. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
८. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
९. कार्यालयले तोकेका अन्य कागजातहरु

.......................

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची २**

सरुवाका लागि निवेदनको ढाँचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गेरुवा गाउँपालिका पशुपतिनगर,बर्दिया ।

विषय : सरुवा/काज सरुवा गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ........................ गतेको सूचना बमोजिम गेरुवा गाउँपालिका वडा नं .......अन्तर्गत..................................................विद्यालयमा बालविकास/प्राथमिक/ निम्नमाध्यमिक / आधारभूत / माध्यमिक तह, ........... श्रेणी, .................विषयको स्थायी/ अस्थायी/ करार/ राहत/अनुदान कोटा एवम् दरबन्दीमा कार्यरत शिक्षक मैले गाउँपालिकाको **शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३** बमोजिम सरुवा हुन इच्छुक भएकोले आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरेर तपसिलका विद्यालयलाई प्राथमिकता क्रमअनुसार छनोट गरी सरुवा/काज सरुवा गरिदन हुन अनुरोध गर्दछु ।

तपसिल

| क्रस | सरुवा हुन चाहेको विद्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

निवेदक
हस्ताक्षर :
नाम थर :
स्थायी ठेगाना:
सम्पर्क नं:

## अनुसुची ३

## सरुवा/काज सरुवाको ढाँचा

पत्र सङ्ख्या : मिति :

च .नं.: विषय : सरुवा/काज खटाइएको सम्बन्धमा ।

श्री ................

.......................

प्रस्तुत विषयमा शिक्षक दरबन्दी मिलान गर्ने क्रममा शिक्षा समितिको मिति ............गते तथा यस कार्यालयको मिति ............ गतेको निर्णयअनुसार तपाईंलाई सरुवा गरिएको/काज खटाइएको विद्यालयबाट तलब भत्ता भुक्तानी हुने गरी तपसिलको विद्यालयमा सरुवा गरिएको/कामकाज गर्न खटाइएको छ । नियमानुसार रमाना लिई सरुवा गरिएको/कामकाज गर्न खटाइएको विद्यालयमा हाजिर हुन जानहुन अनुरोध छ ।

(.............................)

प्रमुख प्रशासकीय अधिकृत

**तपसिल :**

| **हाल कार्यरत विद्यालय** | **सरुवा गरिएको/काजमा खटाइएको विद्यालय** |
|---|---|
| श्री.............................विद्यालय | श्री.............................. विद्यालय |
| पद : | पद : |
| तह/श्रेणी : | तह/श्रेणी : |
| विषय : | विषय : |
| नियुक्तिको प्रकार : | नियुक्तिको प्रकारः |

**बोधार्थ :**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर ।

श्री राष्ट्रिय किताबखाना (शिक्षक),म्युजियम मार्ग छाउनी, काठमाण्डौं ।

श्री कर्मचारी सञ्चय कोष त्रिदेवी मार्ग ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानी कोष नयाँ बानेश्वर, काठमाण्डौं ।

श्री शिक्षा तथा सामाजिक विकास निर्देशनालय रासी उपत्यका, देउखुरी दाङ लुम्बिनी प्रदेश ।

श्री शिक्षा विकास तथा समन्वय इकाई, गुलरिया बर्दिया ।

श्री गेरुवा गाउँपालिका आर्थिक प्रशासन शाखा,पशुपतिनगर बर्दिया ।

श्री वडा नं..... को कार्यालय गेरुवा गाउँपालिका ........,बर्दिया ।

श्री..................................... विद्यालय :- हाजिरी गराइ जानकारी दिन हुन।

श्री.....................................विद्यालयः- नियमानुसार रमाना दिन हुन

आज्ञाले

बस बहादुर राना

प्रमुख प्रशासाकीय अधिकृत